Standard Chartered
Standard Chartered Bank Nepal Limited
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

# स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको तीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति ८ मंसिर २०७३ (२३ नोभेम्वर २०१६) गते बसेको संचालक समितिको ३४८औं बैठकले निर्णय गरे अनुसार यस बैंकको **३०औं वार्षिक साधारण सभा** निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**सभा हुने मिति** : २०७३ साल मंसिर ३० गते (१५ डिसेम्वर २०१६), बिहीबार ।
**सभा सुरु हुने समय** : दिउँसो १:३० बजे ।
**स्थान** : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाण्डौ ।

सभा ठीक समयमा सुचारु रुपले संचालन गर्नको लागि उपस्थिति पुस्तिका बिहान ११.४५ बजेदेखि खुला राखिने छ ।

**छलफलका विषय सूचीः**

**क) सामान्य प्रस्ताव**

१. ३०औं वार्षिक साधारण सभाका लागि संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन र प्रमुख कार्यकारी अधिकृत एंव संचालकको प्रतिवेदन माथि छलफल र पारीत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात र मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल र पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. १.७५ का दरले नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७३/७४ का लागि बैंकको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्ताव**

५. बैंकको अधिकृत पूँजी वृद्धि गरी रू. ८,००,००,००,०००/- (अक्षेरुपी आठ अर्ब रुपैयाँ) पुर्‍याउन स्वीकृत गर्ने ।

६. बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गरी रू. ३,७४,९९,०१,३३३ (अक्षेरुपी तीन अर्ब चौहत्तर करोड उनान्सय लाख एक हजार तिन सय तेत्तीस रुपैयाँ) पुर्‍याउन ३३.३३ प्रतिशत (अर्थात प्रत्येक ३ शेयर बराबर १ शेयर) को अनुपातमा बोनश शेयर जारी गर्न स्वीकृत गर्ने ।

७. नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आ. व. २०७३/०७४ सम्म बैंकले चुक्ता पूँजी वृद्धि गरी रु. ८ अर्ब पुर्‍याउनु पर्ने प्रावधान वमोजिम रु. ३,३०,००,००,००० (अक्षेरुपी तिन अर्ब तिस करोड रुपैयाँ) (प्रिमियमबाट प्राप्त हुने रकम समेत) बराबरको रकम संकलन गर्ने गरी प्रिमियम मूल्यमा जारी गर्नुपर्ने थप शेयरको हिसाब गर्ने, सो को लागि अपनाउनु पर्ने विधि, प्रकृया, मूल्य समेत निर्धारण गर्ने लगायत धितोपत्र व्यवसायीको नियुक्ति, विवरणपत्र प्रकाशित गर्ने र अधिकारप्राप्त निकायहरु समक्ष निवेदन दिने, स्वीकृति लिने समेतका सो सँग सम्बन्धित आवश्यक सम्पूर्ण काम-कारवाही गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

८. प्रस्ताव गरीए बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने । तथा प्रस्तावित संशोधनमा नियमनकारी निकाय(हरु) बाट कुनै समान्य फेरबदल सुझाव भएमा सो सुझाव अनुसार आवश्यक फेरबदल गर्न बैंकको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै व्यक्तिलाई अख्तियारी दिने ।

**ग) विविध ।**

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. सभामा उपस्थित हुने शेयरधनीहरुले यस सूचना साथै प्रेषित प्रवेश-पत्र वा आफ्नो कुनै एक **सक्कल शेयर प्रमाण-पत्र वा हितग्राही खाता नम्बर संलग्न भएको स्टेटमेन्ट (शेयर डिम्याट गरेको भएमा)** साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गर्दछौं । बैंकको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले बैंकमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ ।

२. माथी बुदाँ नं. १ मा उल्लेखित सम्पुर्ण विवरणहरु यस बैंकको वेबसाईट **https://www.sc.com/np/investor-relations/en/index.html** मा शेयरधनी महानुभावहरुको जानकारीका लागी राखिएको हुँदा उक्त विवरणहरु नपाउने शेयरधनीहरुले माथी उल्लेखित बैंकको वेबसाईटमा हेर्नु हुन अनुरोध गर्दछौं ।

३. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि-पत्र (प्रोक्सी फारम) भरी बैंकको शेयर शाखा, नयाँ बानेश्वर, काठमाडौंमा सभा शुरु हुनुभन्दा कम्तिमा ७२ घण्टा अगाडि अर्थात् २०७३/०८/२७ गते दिउसो १.३० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु आवश्यक छ ।

४. प्रतिनिधि नियुक्त गरी सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिइसकेको भए तापनि त्यस्तो प्रोक्सी स्वतः बदर हुनेछ ।

५. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन सक्नुहुनेछ ।

६. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुभएको अवस्थामा "मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि-पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस्" भनी छुट्टै पत्र लेखी सभा सुरु हुनु भन्दा २४ घण्टा अगावै अर्थात् २०७३/०८/२९ गते दिउसो १.३० बजेभित्र बैंकको प्रधान कार्यालय, नयाँ बानेश्वरमा पठाएको अवस्थामा अन्य सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरु बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सो बमोजिम नगरी एकै शेयरधनीले एकभन्दा बढी व्यक्तिहरुलाई प्रतिनिधि-पत्र (प्रोक्सी) नियुक्त गरेको पाइएमा त्यस्तो सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरु बदर हुनेछन् ।

७. नाबालक वा मानसिक रुपमा असक्षम शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन सक्नु हुनेछ ।

८. आफनो नाममा रहेको शेयर संख्या भन्दा बढी शेयर संख्या उल्लेख गरी प्रतिनिधि-पत्र (प्रोक्सी) दिएको अवस्थामा त्यस्ता सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरु स्वतः बदर हुने छन् ।

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, ब्याग जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

# आदरणीय शेयरधनी महानुभावहरू

**बैंकको संक्षिप्त आर्थिक विवरण र छलफलका विषयहरुको सूची नं. (५), (६), (७) र (८) बमोजिमको प्रबन्ध-पत्र तथा नियमावलीमा प्रस्तावित संशोधनको विवरण यसै सूचनाका साथ संलग्न गरी पठाइएको छ । साथै कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक वित्तीय विवरण, संचालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले बैंकमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुने व्यहोरा अनुरोध गर्दछौं ।**

## आ.व. २०७२/७३ को संक्षिप्त वार्षिक वित्तीय विवरण

### अध्यक्षको प्रतिवेदन

बैंकको संचालक समितिको तर्फबाट म यस अवसरमा स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले आर्थिक वर्ष २०७२/७३ मा संयमित कार्यसम्पादन गरेको जानकारी गराउन चाहन्छु। अधिक तरलता, न्यून ब्याजदर एवं न्यून चलायमानता तथा भूकम्पपश्चात् बजार संवेदनामा आएको परिबर्तनको बाजबुत पनि बैंकले यो उपलब्धी हासिल गरेको हो । लामो समय सम्म तराई क्षेत्र अशान्त हुँदा भारतसँग जोडिएका नाकाहरुबाट इन्धन लगायत अत्यावश्यक सामाग्रीहरुको ओसारपसारमा भोग्नु परेको समस्याहरुले गर्दा अवस्था थप जटिल बन्न गयो ।

तथापी, संचालक समिति बैंकसँग रहेका सम्भावनाहरु बारे विश्वस्त छ भने व्यवस्थापन समूहसँग हाल विधमान अवरोधहरुलाई पार गर्दै र भविष्यका लागि व्यवसायलाई पुन:अवस्थितीकरण गर्न आवश्यकरुपमा ध्यान केन्द्रित रहेको छ। हाम्रो बजार मध्यम तथा दिर्घकालीन दुबै रुपमा आकर्षक रहेको छ भने हाम्रो फ्रेन्चाइजको नक्कल गर्न कठिन छ र हामी हाम्रो कार्यसम्पादनको गतिलाई बढाउन उपयुक्त स्थानमा रहेका छौं ।

अन्तराष्ट्रिय बैंकको रुपमा हाम्रो विश्वब्यापी उपस्थितीले हामीलाई संसारभरमा व्यवसाय एवं लगानी गर्नसक्ने दक्षता प्रदान गर्दछ। हाम्रो शक्ति भन्नु नै हाम्रो पृथकता र विश्वब्यापी सञ्जाल हो। सेवाग्राही तथा ग्राहकवर्गलाई विभिन्न रुपमा सहयोग गरी नेपालको आर्थिक बृद्धिलाई गति दिने हाम्रो सामाजिक उद्देश्य हासिल गर्नमा हामी पूर्णरुपमा प्रतिबद्ध छौं । आफ्नो रणनीतिमा पुनर्केन्द्रित हुने र भविष्यका लागि बैंकलाई पुनर्स्थापित गर्ने दिशामा हामीले विभिन्न निर्णायक कदमहरु चालेका छौं र चालिरहने छौं ।

शेयरधनीहरुलाई प्रदान गरिने प्रतिफलको महत्व संचालक समितिले बुझेको छ। बलियो पूँजी अनुपातलाई कायम राख्दै भविष्यको बृद्धिलाई सहयोग पुग्ने हेतुले फ्रेन्चाइजमा लगानी र प्रतिफल बिचको सन्तुलनमा संचालक समिती विश्वास राख्दछ। हाम्रो पूँजीको स्थिती नियामक र बजारको अपेक्षा बमोजिम रहनेछ। तपाईंहरुलाई पूर्णरुपमा जानकारी छ कि हाम्रो प्राथमिकता भनेकै उच्च पूँजीकृत, अधिक तरल र विविधतायुक्त वासलात कायम गर्नु हो। हामी हाम्रो जोखिम वहन गर्ने क्षमताभित्र रही नाफामुलक दिगो वृद्धि गर्नका लागि पनि कटिबद्ध छौं ।

हाम्रो ब्राण्ड प्रतिबद्धता 'Here for good' हाम्रो कार्यपद्धतिमा बलियोसँग समाहित भएको छ जसले बैंकको रुपमा हामीले कसरी काम गर्छौं एवं आफ्नो व्यवसाय कसरी संचालन गर्छौं भन्ने कुरालाई तेजोवोध गर्दछ। हाम्रो ब्राण्ड प्रतिबद्धता नै हामी के हौं भन्ने कुराको सारतत्व हो र यसले हामी आफू वरपरको समाज तथा समुदायको प्रगती तथा समृद्धि हासिल गर्नमा प्रयासरत रहेको र असल तरिकाले असल काम गर्न दत्तचित्त रहेको तथ्य पनि उजागर गरेको छ। स्ट्याण्डर्ड चार्टर्ड हाम्रो समुदायमा गहिरोसँग समाहित भएको छ र यस ब्राण्डलाई बजारको उत्कृष्ट ब्राण्ड बनाइरहनको निम्ति हाम्रो प्रयास जारी रहने छ ।

### परिणामहरू - एक झलक

**बित्तिय परिदृष्य/परिसुचकहरु***

- अघिल्लो आर्थिक वर्षको करपछिको खुद नाफा १ अर्ब ३१ करोड रुपैयाँको तुलनामा खुद नाफा १.४ प्रतिशतले कम भई १ अर्ब २९ करोड रुपैयाँ कायम रहेको छ।
- शेयरको संख्यामा बृद्धि तर मुनाफामा आएको ह्रासका कारण प्रति शेयर बराबरको आम्दानी १२.३३ रुपैयाँले घटेर ४५.९६ रुपैयाँ रहेको छ।
- अघिल्लो आर्थिक वर्षको २८.०२ अर्ब रुपैयाँको तुलनामा जोखिम सम्पत्ति (Risk Assets) १३.११ प्रतिशतले बृद्धि भई ३१.७० अर्ब रुपैयाँ बराबर रहेको छ।
- अघिल्लो आर्थिक वर्षको ५७.२९ अर्ब रुपैयाँबाट निक्षेपमा २.७२ प्रतिशतको गिरावट भई कुल निक्षेप ५५.७३ अर्ब रुपैयाँ रहेको छ।

** नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिमको लेखा अनुसार रहेको।*

### बैंकको कार्यसम्पादन

बैंकले हरेक बर्ष सन्तोषजनक कार्यसम्पादन गरिरहेको छ । अघिल्लो आर्थिक वर्षको ५९.४ करोड रुपैयाँको तुलनामा बैंकले यस आर्थिक वर्षमा ५०.३ करोड रुपैयाँ ब्यावसायिक करको रुपमा सरकारी ढुकुटीमा योगदान गरेको छ।

वैधानिक र नियामक मापदण्ड अनुरुप, संचालक समितीले सटही घटबढ कोषमा २.९० करोड रुपैयाँ र साधारण जगेडा कोषमा २५.८ करोड रुपैयाँ रकमान्तरका लागि सिफारिस गरेको छ। यसका अलावा संचालक समितिले १.७५ प्रतिशतको नगद लाभांस प्रस्ताव गरेअनुरुप सोका लागि ४.९३ करोड रुपैयाँ छुट्याइएको छ। संचालक समितिले बैंकको पूँजी बृद्धि गर्नका लागि ३३.३३ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव अनुरुप यस आर्थिक वर्षको मुनाफाबाट ९३.७ करोड रुपैयाँ छुट्याइएको छ।

विनियोजन पछि १६.३८ प्रतिशतको समग्र अनुपात सहित हाम्रो Tier १ र Tier २ पूँजी पर्याप्तता अनुपातहरु क्रमश: १४.०८ र २.३ प्रतिशत थिए। हाम्रो हालको पूँजीको अवस्था हाम्रा सबै ब्यापार आवश्यकतालाई पूर्ती गर्ने चाहिने भन्दा बढी र नेपाल राष्ट्र बैंकको Basel II पूँजी पर्याप्तताको मापदण्ड भन्दा माथि र अन्तराष्ट्रिय मान्यताभन्दा पनि बढी रहेको छ।

### आर्थिक वातावरण

**विश्वब्यापी परिवेश**

बिगत ६ वर्षदेखि हरेक वर्ष विश्वब्यापी अर्थतन्त्र सुस्त गतिमा अगाडी बढीरहेको छ। तर सो सुस्तता प्रतिको नीतिगत प्रतिकृया अधिक रुपमा मौद्रिक खुकुलोपना माथि निर्भर रहेको छ जुन अपर्याप्त छ। यस वर्ष बृद्धि त्यतिमात्र हुनेछ जुन संकटको समयमा मुस्किलले हामी अपेक्षा गर्न सक्दछौं। हालको बृद्धि सन् १९९० दशकको शुरुको ERM संकट, एसियाली आर्थिक संकट, डटकम बबलको प्रभाव (The bursting of the dot-com bubble) र विश्वब्यापी आर्थिक संकटको समयमा विद्यमान बृद्धिको स्तरसँग समान रहेको छ।

त्यसो त बृद्धिले गति गुमाए तापनि एसिया क्षेत्र भने सकारात्मक अपवादका रुपमा देखिएको छ। बिगतमा विश्वब्यापी द्रुत बृद्धिमा निर्भर रहेको एसिया क्षेत्रले आज विश्वब्यापी बृद्धिमा सबैभन्दा ठूलो योगदान गरिरहेको छ। विशेष गरी अमेरिकी फेडेरल रिजर्भले बृद्धिको चाँडो प्रतिफल प्राप्त गर्ने उदेश्यले ब्याजदरलाई थप बृद्धि गर्ने चाहना जनाइसकेको परिप्रेक्ष्यमा सो उपर नीति लक्षित रहनेछ।

अघिल्लो वर्षभन्दा विश्व अर्थतन्त्रमा विभिन्न कारणले खस्कदो अवस्थामा परिवर्तन भईरहे तापनि आर्थिक बजारमा विशेषगरी एसियाका उदाउँदा अर्थतन्त्रहरुमा बजारको मनोभाव अझ बलियो रहेका छ। फेडेरल रिजर्भले अर्को एक पटकको ब्याजदर बृद्धि गरेपनि अधिक समयसम्म ब्याजदर न्यून रहने देखिएको छ। जसले विशेषगरी उदाउँदा बजारहरुका मनोभावलाई बढौती दिनेछ। न्यून विश्वब्यापी बन्ड मार्जिन र स्थिर मुद्राहरु EM को भित्री प्रवाहमा सहायक सिद्ध भएका छन्।

सन् २०१६ मा विश्वब्यापी अर्थतन्त्र २.५ प्रतिशतले बृद्धि हुने अपेक्षा गरिएको छ। ल्याटिन अमेरिका सबैभन्दा खराब बृद्धि आँकलन गरिरहेको क्षेत्र हो जसको अर्थतन्त्रमा अझै १ प्रतिशतको संकुचन आउने आँकलन गरिएको छ। तर मुख्य र बलिया अर्थतन्त्रहरुको निराशाजनक बृद्धि मुख्य चिन्ता र चासोको विषय हुन आएको छ। हामीले विकसित अर्थतन्त्रहरु यस वर्ष मात्र १.४ प्रतिशतले बढेको देख्नेछौं। एसिया अर्कातिर आशाको ज्योती भएको छ। एसिया (जापान बाहेक) को यस वर्षको आर्थिक बृद्धि ६ प्रतिशतले बढ्ने अपेक्षा गरिएको छ जसले कुल विश्वब्यापी बृद्धिको तीन भागको दुई भाग बृद्धि गर्नको लागी योगदान दिनेछ।

आजको विश्व क्रमिक रुपमा न्यून बृद्धिप्रति अभ्यस्त र सन्तुष्ट भइरहेको छ। यो विशेषगरी पश्चिमा राष्ट्रहरुको हकमा अझै बढि लागू हुन्छ। बजारमा अत्यधिक चलेको विषय नै मौद्रिक नीति हो। यस वर्षको अन्त्यसम्म अमेरिकन फेडेरल रिजर्भले ब्याजदर बढाउने संकेत गरिरहेता पनि सो हुनेमा अझै सन्देह छ। यदि उसले एक पटक फेरी ब्याजदर बढाएता पनि आउने लामो समयसम्मका लागि ब्याज दरहरु न्यून नै रहनेछन्। र यसले बास्तविक अर्थतन्त्रलाई बढावा दिने सम्भावना नरहेता पनि यसले आर्थिक बजारहरुको मनोभावलाई सहयोग गर्ने छ। विशेषगरी एसियालाई लिएर हामी उदाउँदा अर्थतन्त्रहरुबारे सकारात्मक छौं। त्यसो त उच्च बृद्धि, नीतिहरुको सहि दिशातर्फको संचार र कम मार्जिन लगायतका कारण यस क्षेत्र पूँजी लगानीका लागि आकर्षक गन्तव्यको रुपमा रहने छ।

## नेपाल

अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७२/७३ मा नेपालको कुल ग्राहस्थ उत्पादन न्यून रह्यो। मनसुनमा ढिलाइ, लामो समयसम्मको बन्द-हड्तालका साथसाथै दक्षिणी सिमा नाकाहरुमा भएको गतिरोध लगायतले राष्ट्रिय अर्थतन्त्रमा प्रतिकुल प्रभाव पार्न गयो जसको कारण यस आर्थिक वर्ष नेपालले संकुचित बृद्धि हासिल गर्‍यो। केन्द्रीय तथ्यांक विभागको प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०७२/७३ मा नेपालको बास्तविक कुल ग्राहस्थ उत्पादन आधारभूत मूल्यमा ०.८ प्रतिशत र उत्पादकको मूल्यमा ०.६ प्रतिशतले मात्र बृद्धि भयो। अघिल्लो आर्थिक वर्षमा त्यस्तो बृद्धि क्रमश २.३ प्रतिशत र २.७ प्रतिशत रहेको थियो।

अघिल्लो आर्थिक वर्षको शोधनान्तर बचत १४५.०४ अर्ब रुपैयाँको तुलनामा चालु खाता बचत र पूँजीको भित्री प्रवाहमा भएको बृद्धिका कारण आर्थिक वर्ष २०७२/७३ मा नेपालको शोधानान्तर बचत जम्मा १९१.२४ अर्ब रुपैयाँ बराबर अभिलेख भएको छ। चालु खाताको बचतमा भएको बृद्धिका कारण यस आर्थिक वर्षमा चालु खातामा १४०.४२ अर्ब रुपैयाँ बराबरको बृद्धि भएको छ जुन अघिल्लो आर्थिक वर्षमा १०८.३२ अर्ब रुपैँयाँमा सिमित रहेको थियो। गत आर्थिक वर्षमा विप्रेशण रकमको प्रवाहमा भएको १३.६ प्रतिशत बृद्धिको दाँजोमा यस वर्ष वैदेशिक रोजगारीमा गएका नेपालीले पठाएको त्यस्तो रकमको प्रवाहमा ७.७ प्रतिशतले बृद्धि भइ बिप्रेशित रकम ६६५.०६ अर्ब रुपैयाँ हुन पुगेको छ। त्यसैगरी, नेपालले यस आर्थिक वर्षमा जम्मा ७०३.४८ अर्ब रुपैयाँ बराबरको ब्यापार घाटा भोगेको छ जुन अघिल्लो आर्थिक वर्षको तुलनामा २ प्रतिशतले मात्र बढी हो। गएको आर्थिक वर्षमा राष्ट्रले १०.८ प्रतिशतले बैदेशिक ब्यापार घाटा बेहोरेको थियो। यसै अनुरुप समिक्षा अवधिमा कुल ब्यापार घाटामा कुल ग्राहस्थ उत्पादनको अनुपात अघिल्लो वर्ष ३२.५ प्रतिशतबाट घटेर ३१.३ प्रतिशतमा झरेको छ। भने आयात-निर्यात अनुपात ९.१ प्रतिशतमा झरेको छ। यसको अर्थ समिक्षा अवधिमा निर्यातको आकारभन्दा आयातको आकार ११ गुणाले बढी भएको हो। अघिल्लो आर्थिक वर्ष आयात-निर्यात अनुपात ११ प्रतिशत रहेको थियो। अघिल्लो आर्थिक वर्षमा ७.३ प्रतिशतले घटेको निर्यात यस आर्थिक वर्षमा थप १७.८ प्रतिशतले घटेको छ। विशेषगरी पेट्रोलियम पदार्थको आयातमा अवरोध आएका कारण अघिल्लो आर्थिक बर्षको तुलनामा यस आर्थिक वर्ष २०७२/७३ मा आयातमा पनि ०.१ प्रतिशतले संकुचन आएको छ जुन अघिल्लो आर्थिक वर्षमा ८.४ प्रतिशतले बढेको थियो।

आर्थिक वर्ष २०७२/७३ को आषाढ मसान्तसम्म कुल विदेशी मुद्रा सटही संचिती १०३९.२१ अर्ब रुपैयाँ बराबर रहेको छ जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिमा अभिलेख भएको कुल विदेशी मुद्रा सटही संचिती रकम ८२४.०६ अर्ब रुपैयाँ भन्दा २६.१ प्रतिशतले बढी हो। विधमान आयातको प्रबृत्तिलाई आधार मान्ने हो भने हालको विदेशी मुद्रा सटही संचिती रकमले १६.५ महिनासम्मका लागि बस्तुको आयात र १४.१ महिनासम्मका लागि बस्तु र सेवाको आयातलाई धान्न सक्दछ।

आर्थिक वर्ष २०७२/७३ को आषाढ मसान्तसम्म थोक मूल्य सूचक (wholesale price index) अघिल्लो आर्थिक वर्षको ६.१ प्रतिशत बृद्धिको तुलनामा ६.३ प्रतिशतले बढेको छ। साथै गत आर्थिक वर्षको ७.२ प्रतिशतको तुलनामा यस आर्थिक वर्षमा उपभोक्ता मुल्य सूचक (consumer price Index) मा ९.९ प्रतिशतले बृद्धि भएको छ।

गएको आर्थिक वर्षको अमेरिकी डलरको मुल्यको तुलनामा यस आर्थिक वर्षको सोहि अवधीसम्म नेपाली मुद्राको मुल्य ५.२ प्रतिशतले अवमुल्यन भएको छ भने नेपाली रुपैयाँको भारतीय रुपैयाँसँगको स्थिर विनिमय दर बिगतमा जस्तै १:६.१ मा नै कायम रहेको छ।

## आगामी वर्ष

अघिल्लो वर्षको महाभूकम्पको प्रभाव र संविधान घोषणापछि तराई क्षेत्रमा भएको आन्दोलनका कारण आर्थिक वर्ष २०७२/७३ को अधिकांश अवधिमा आर्थिक क्रियाकलापमा नकारात्मक असर पर्‍यो। भारतसँग जोडिएका सिमा नाकाबाट इन्धन लगायतका अत्यावश्यक सामग्रीको आपूर्तीमा भएको अवरोधले आमजिवनका साथसाथै समग्र आर्थिक तथा ब्यावसायिक वातावरणलाई निरुत्साहित गर्‍यो। ब्याजदरमा आएको गिरावट, अधिक तरलता र न्यून चलायमानता लगभग सम्पूर्ण वर्षभरी नै कायम रह्यो। समग्र राष्ट्रिय अर्थतन्त्रमा देखिएको सुस्त गतिको असर हाम्रो बैंकको कार्यसम्पादनमा पनि प्रतिबिम्वित भएको छ।

हाम्रा लागि चालु आर्थिक वर्ष २०७३/७४ को सुरुवात सकारात्मक रुपमा भएको छ। सुधारका लागि रचनात्मक संकेतहरु क्रमश: देखा पर्न थालेको जनाउन पाउँदा म हर्षित छु। आगामी वर्षहरु ब्यवसाय र ब्यापारका अवसरहरु श्रृजनाका हिसाबले उत्प्रेरक तथा उत्पादक हुने कुरामा हामी विश्वस्त छौं। हामी आफ्ना ग्राहक तथा सेवाग्राहीहरुलाई सेवा उपलब्ध गराउँदै र यसबाट व्यवसायमा हुने बृद्धिको अवसरलाई उपयोग गरी प्रतिफल लिने दिशामा उपयुक्त स्थानमा उभिएका छौं। हामी आफ्ना प्रतिस्पर्धात्मक क्षमता र प्राप्त अवसरको सदुपयोग गरी शेयरधनीहरुका लागि थप प्रतिफल प्रदान गर्नका लागि सक्दो प्रयास गर्नेछौं।

हाम्रो कार्यक्षमतामा थप प्रभावकारीता ल्याउनका लागि हामीले डिजिटाइजेसन (digitisation) को प्रकृयालाई बढाएका छौं र मुख्य प्रकृयाहरुको पुन:यान्त्रिकरण र प्रविधीलाई गुणस्तरिय बनाउने तर्फ उल्लेखनिय कार्यहरु गरिरहेका छौं। क्रमिक रुपमा बढिरहेको नियमन सम्बन्धि जटिलतालाई ब्यवस्थित गर्ने एक मात्र तरिका यहि नै हो भन्ने

हामीले बुझेका छौं। अनुपालना र उत्पादकत्व दुबैमा दिगो सुधार ल्याउनका लागि हामीले यि क्षेत्रहरुमा प्राथमिकताका साथ लगानी गरिहरेका छौं । दिर्घकालीन दृष्टिकोणमा जैविक बृद्धि (organic growth) हासिल र आयको विविध श्रोतहरुको सुनिश्चिततामा हाम्रो ध्यान केन्द्रित रहेको छ। हाम्रो व्यवसायको पुनःअवस्थीतिकरण गर्न र प्रतिफललाई बढाउनका लागि आवश्यक थप गतिबारे हाम्रा व्यवस्थापन र कर्मचारीहरु पूर्ण रुपमा सचेत छन् । त्यसैले हामीले हाम्रो कार्यसम्पादनको गतिलाई अधिकतम परिचालन गरिरहेका छौं ।

बाह्य वातावरणमा रहेका विधमान चुनौतीहरुलाई हामीले कहिल्यै पनि आफ्नो सम्पादनमा आएको ह्रासको बहाना बनाएनौं । न त सो कारण हाम्रो कार्यसम्पादनलाई कम हुन नै दियौं । बरु, बाहिरी चुनौतीहरुले हाम्रो मुनाफालाई बढाउनका लागि पहिचान भएका सबै अत्यावश्यक संरचनागत र कार्य संचालन सम्बन्धी  विषयहरुलाई आवश्यक पर्ने सबै कार्य गरी उक्त चुनौतीको सम्बोधन गर्‍यौ । जसको परिणाम भनेको हामीले कायम गर्न सकेको विविध, तरल, सुसंगठित र बलियो वासलात हो । हामीसँग केहि उच्चस्तरीय कमर्सियल तथा अन्तराष्ट्रिय ग्राहकहरु (Commercial and International Clients) का व्यवसायहरु पाइपलाइनमा रहेका छन् भने रिटेल व्यवसायमा द्रुत गति लिनका लागि हाम्रो वासलातले प्रशस्त स्थान दिएको छ ।

दिगोरुपमा स्थानीय आवश्यकता भएका तर हाम्रो बलियो Cross-border क्षमताहरुबाट लाभ लिन सक्ने व्यवसायिक ग्राहकहरुलाई केन्द्रमा राखि हामीले कमर्सियल बैंकिङ्ग विभागको स्थापना गरेका छौं । क्रेता तथा आपूर्तीकर्ताहरुका लागि लगानी गर्न व्यवसायिक तथा संस्थागत बैंकिङ्गसँग सहकार्य गर्दै हामीले आफ्नो संजाल अनुपातलाई निरन्तर बिस्तार गरिरहने छौं । रिटेल बैंकिङ्गमा हामीले गरेको सुधारले उल्लेखनीय परिणाम हासिल गरिरहेको छ ।

हाम्रो अर्थतन्त्रमा लागि कृषि क्षेत्रको उन्नती आवश्यक रहेको छ भने यस वर्षमा हामी सन्तोषजनक कृषि उत्पादनको अपेक्षा गरेका छौं । कृषिको बारेमा बदलिदो अवधारणा जस्तै आधुनिक कृषि औजार र प्रविधीको प्रयोग र सेवाहरुको वितरणमा भएको सुधारका कारण यस क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा योगदान बढ्ने अपेक्षा गरिएको छ । यसैगरी, सामाजिक-राजनीतिक परिवेशमा आएको सुधारले औधोगिक क्षेत्रलाई फाइदा पुऱ्याउने विश्वास लिइएको छ । साथै नेपालको पुनर्निर्माणको एजेण्डाले औधोगिक क्षेत्रको उत्पादनको मागलाई बढाउनेछ र सरकारले पूर्वाधारमा गर्ने लगानीलाई बढावा दिनेछ । मध्य एसिया र दक्षिण पूर्वी एसियाबाट भित्रीने विप्रेशण रकमको स्थिरताले पनि राष्ट्रिय अर्थतन्त्रलाई थप चलायमान बनाउने छ। अर्कातिर पर्यटन क्षेत्रमा मध्य तथा दिर्घकालीन सम्भावना सकारात्मक देखिदैछ । यि सबै आधारहरुले नेपालको अर्थतन्त्र बृद्धि हुने सम्भावना रहेको छ ।

## संस्थागत सुशासन

बैंकको संस्थागत सुशासन मजबुत र गतिशिल रहेको छ। बलियो संस्थागत सुशासन हाम्रो दिर्घकालीन सफलताको अभिन्न अंग रहेको हामीले बुझेका छौं । तपाईहरु सबैले मनन गर्नु भएकै छ कि बैंक आफैमा सम्बन्धमा आधारित व्यवसाय हो भने हामीले हाम्रा कर्मचारी, नियामकहरु, सेवाग्राहि तथा ग्राहकहरु र अन्य सरोकारवालाहरुसँगको सम्बन्धलाई उच्च महत्व दिएका छौं र हाम्रा सबै प्रयास र कदमहरु यहि सम्बन्धलाई थप प्रगाढ बनाउनमा केन्द्रित रहेका छन् ।

हामी सुशासनमा  समाहितालाई सुनिश्चित गर्नका लागि सधैं कटिबद्ध छौं । स्थापित समितिहरुका अलावा हामीसँग विविधता र समावेशिता (Diversity and Inclusion), स्वास्थ्य र सुरक्षा, वातावरण र सामुदायिक साझेदारी लगायतका समितिहरु पनि रहेका छन् । यि समितिहरुका प्रयासले हाम्रा सरोकारवालाहरुलाई थप  मान्यता प्रदान गरी उनीहरुलाई खुसी तुल्याएका छन् । सुशासनले स्पष्ट जवाफदेहिता प्रदान गर्नुका साथै बलियो नियन्त्रण, उचित व्यवहारको संचारण र उत्कृष्ट कार्यक्षमताको मजबुतीकरण लगायतलाई सुनिश्चित गर्ने हाम्रो विश्वास रहेको छ ।

हाम्रो बैंकले स्ट्याण्डर्ड चार्टर्ड बैंक समूहको जोखिम व्यवस्थापनका सिद्धान्त र अभ्यासहरु (Risk Management Principles and Practices) लाई अवलम्बन गरेको छ जुन बैंकिङ्ग क्षेत्रको जोखिम व्यवस्थापनमा नविन र उत्कृष्ट अन्तराष्ट्रिय अभ्यासहरुको आधारमा बनेका छन् ।

बैंकिङ्ग व्यवसायको अन्य स्वभावजन्य जोखिमहरु जस्तै कर्जा व्यवस्थापन, अन्तर सिमाना, बजार तरलता तथा गतिशिलता र प्रतिष्ठा र सद्भावसँग सम्बन्धित अन्य जोखिमहरु पनि यसमा समाविष्ट छन् । यसका अलावा बैंकले जोखिम व्यवस्थापनअन्तर्गत समावेश गरेका सिद्धान्तहरुमा जोखिम र लाभको सन्तुलन, उत्तरदायित्व र जवाफदेहिता, जोखिमको पुर्वानुमान र प्रभावकारी जोखिम व्यवस्थापनद्वारा प्रतिस्पर्धात्मक लाभ लगायतका छन् । यसैगरी, बैंकले संचालक समिति, लेखापरिक्षण समिति, जोखिम समिति, कार्यकारी समिति, व्यवसाय संचालन स्तरको जोखिम व्यवस्थापन लगायतलाई समेटेको स्ट्याण्डर्ड चार्टर्ड समूहको जोखिम व्यवस्थापन सुशासन संरचना (Risk Management Governance Structure) लाई पनि अंगिकार गरेको छ ।

जोखिम व्यवस्थापनका लागि भूमिका तथा उत्तरदायित्वहरु सुरक्षाको तिन तह नमुना (Three Lines of Defence Model) अन्तर्गत परिभाषित भएका छन् जसमा व्यवसाय संचालन सुरक्षा पहिलो तह, व्यवसाय संचालन अन्तर्गतको जोखिम कार्य सुरक्षा दोश्रो तह र लेखापरीक्षण समितीलाई प्रतिवेदन बुझाउने गरी स्वतन्त्र आन्तरिक लेखापरीक्षण कार्य सुरक्षा तेश्रो तहमा पर्दछन् । यस प्रकारले जोखिम व्यवस्थापन प्रकृयाले बैंकमा जोखिम व्यवस्थापनको प्रभावकारी प्रणालीको सुनिश्चिता हुने गरी संचालक समितिको तहदेखि व्यवसाय संचालनको तहसम्मको सहभागितालाई समावेश गर्दछ ।

विश्वले आतंकवादको खतराको सामना गरिरहेको छ। आतंकवादमा लगानी जस्ता आर्थिक अपराधबिरुद्ध उभिनका लागी एवं सरकारहरुले सहकार्य गर्नका लागि मुद्रा निर्मलीकरण र आतंकवादमा लगानीको सामनाका लागि मापदण्डहरुको विश्वव्यापीकरणको आवश्यकता रहन्छ । नेपाल यस्ता जोखिमहरुबाट अछुतो छैन । FATF मार्ग निर्देशिका, Customer Due Deligence र Anti Money Laundering मापदण्डहरुको कार्यान्वयनको व्यवस्थापनका लागि वित्तीय क्षेत्र सुदृढ तथा श्रोत सम्पन्न हुनुपर्ने हाम्रो विश्वास रहेको छ । बैंकहरुले पूर्वाधार तथा कर्मचारीमा लगानी गरी उनीहरु मार्फत् अन्तरदेशिय सेवाग्राहिहरुको व्यवस्थापन तथा निरिक्षणमा तत्पर नहुँदासम्म समकक्षी/साझेदारी बैंकिङ्गसँग सम्बन्धित जोखिमहरु बढी रहनेछन् जसले यसलाई उच्च जोखिम र खर्चालु प्रणाली वा क्षेत्रको रुपमा स्थापित गर्नेछ ।

श्री अनुराग अदलखा, श्री सुजित मुन्दुल र श्री जोसेफ सिल्भानसले स्ड्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज अष्ट्रेलियालाई प्रतिनिधित्व गरिरहनुभएको छ भने श्री कृष्ण कुमार प्रधान बैंकको संचालक समितिमा व्यवसायिक स्वतन्त्र संचालकका रुपमा रहनुभएको छ । श्री शंकर लाल अग्रवालले सर्वसाधारण शेयरधनीहरु लाई बैंकको संचालक समितिमा प्रतिनिधित्व गरिहनुभएको छ। ३ जुन २०१६ मा सम्पन्न बैंकको २९औं वार्षिक साधारणसभाबाट उहाँ निर्वाचित हुनु भएको हो । म स्वयं, अनन्त नारायणले स्याट्ण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको संचालक समितिमा रहेर स्याट्ण्डर्ड चार्टर्ड बैंक, बेलायतलाई प्रतिनिधित्व गरिरहेको छु।

आ.व.२०७२/७३ मा सञ्चालक समितिमा एक गैर कार्यकारी अध्यक्ष, एक कार्यकारी सञ्चालक, एंव चार गैर कार्यकारी संचालक गरी जम्मा ६ जनाको संचालक समिति रहेको छ । जसमध्ये कानूनी प्रावधान अन्तर्गत एक व्यवसायिक/स्वतन्त्र सञ्चालक र एक सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने सञ्चालक समेत रहनु भएको छ ।

## निश्कर्ष

हामीसँग राम्रो र मूल्यवान फ्रेन्चाइज, मजबुत आर्थिक क्षमता, उत्कृष्ट ग्राहक-सम्बन्ध र उत्कृष्ट कर्मचारीहरु रहेका छन् । व्यवसाय तथा कार्यसम्पादनमा अझै बढी केन्द्रित हुनका लागि हामीले निरन्तर रुपमा विभिन्न कदमहरु चालिरहेका छौं भने लगानी गर्ने क्षमतालाई बढाइरहेका छौं । हामीले कार्यसम्पादनका प्राथमिकताहरुलाई स्पष्ट गरेका छौं भने दिगो, नाफामुलक र दिगो बृद्धिको दिशामा हामी प्रतिबद्ध छौं ।

ब्यापार-ब्यवसायलाई सामाजिक तथा राजनीतिक अस्थितरताले बृहतरुपमा प्रभाव पार्दछ । हामी विशेषगरी नयाँ संविधान घोषणपछिको बजारबारे सकारात्मक छौं र यसले लामो समयसम्म कायम अस्थिरताको अन्त्य गरी हामीलाई हाम्रो आर्थिक बृद्धिमा पूर्णरुपले ध्यान दिन सघाउनेछ भन्ने विश्वास लिएका छौं । आर्थिक बृद्धिलाई बढावा दिने तत्वहरु जस्तै जनसांखिकिय, शहरीकरण र मध्यम वर्गिय जनसंख्याको बृद्धिका साथसाथै पूर्वाधारमा लगानी लगायतका परिदृष्य उत्साहजनक देखिएका छन् । यसका आधारमा आर्थिक वर्ष २०७३/७४ र त्यसपछिका वर्षहरुमा बजारको अवस्था सुध्रेर जाने आशा गर्न सकिन्छ । तथापी, उर्जा संकट, ब्यापारमा असन्तुलन र श्रम लगायतका केहि विषयहरुलाई तत्काल सम्बोधन गनुपर्ने आवश्यकता पनि रहेको छ ।

विद्यमान कार्य संचालनजन्य र सामाजिक-आर्थिक वातावरणको पृष्ठभूमीमा आर्थिक वर्ष २०७२/७३ मा त्यति उत्साहजन आर्थिक परिणामहरु हासिल हुन सकेनन् । हुनत यि र अन्य कैयौं घटनाक्रमहरु हाम्रो नियन्त्रण बाहिर रहे तापनि प्रतिकुल प्रबृत्तिहरुप्रतिको हाम्रो संवेदनशिलता क्रमश घट्ने अपेक्षा हामीबाट राख्न सक्नुहुन्छ भने हामी हाम्रा ग्राहकहरुलाई सघाउँदै हाम्रा प्रकृयाहरुको सुधार र मानव संशाधनमा लगानी गर्नेछौं । यस आर्थिक वर्षजस्तो अनिश्चित समयहरुमा तत्कालिन अस्थिरताबाट आफ्नो कार्यसम्पादन प्रभावित हुन नदिइ बैंकले आफुलाई दिर्घकालीन ढंगले ब्यवस्थापन गर्न जरुरी रहन्छ । यस्तो वातावरणमा विचलित नभइ हामीले आफ्नो रणनीतिको कार्यान्वयन गर्न अझ महत्वपूर्ण हुन्छ ।

रणनीतिको कार्यान्वयनमा अथक ध्यान दिएर हामी हाम्रो फ्रेन्चाइजको मुल्य मान्यतालाई थप उचाईमा लैजानेछौं । जोखिम सहनशिलतामा अधिक अनुशासन कायम र बलियो, उच्च प्रतिफल दिने ग्राहकहरुबिच सन्तुलन गर्न हामी निरन्तर लागिरहने छौं । खर्चहरुमा कटौती गर्दै सोबाट हासिल बचतलाई बैंकको भविष्यका लागि लगानी गर्ने दिशामा हामी जुटिरहेने छौं । आर्थिक चलायमानता तथा अप्रत्याशितताबाट जोगाउने र परिस्थितीले साथ दिने बित्तिकै भविष्यमा उपलब्ध  अवसरहरुबाट फाइदा लिन सक्ने ढंगले हामी आफ्नो वासलातलाई मजबुत राख्नेछौं । रणनीतिको सफल कार्यान्वयनले २०७४ अषाढ मसान्तसम्म नियामक मापदण्ड अनुरुप हासिल गर्नुपर्ने मजबुत पूँजीको आधार खडा गरी हामी हाम्रो शेयरधनीहरुले प्राप्त गर्ने प्रतिफलमा सुधार ल्याउने छौं । ग्राहक अन्तरक्रिया (client interface) का साथसाथै हाम्रो आफ्नै कार्यसंचालन प्रकृयाहरुमा प्रविधिको प्रयोगहरुलाई सुधार गर्दै लैजानेछौं । यसरी, यस्ता स्वरुपका वितरणले आउने वर्षहरुमा हाम्रो प्रतिफललाई बढाउने र हाम्रो बृद्धिलाई अर्को तहमा लैजानेमा हामी विश्वस्त छौं ।

हामीले उपलब्ध गराएका प्रविधियुक्त सुविधाहरुलाई परीस्कृत गर्न ग्राहक तर्फ तथा आफनो संचालन प्रकृया दुवै तिर सँगसगै सुधार गर्दै लैजानेछौं । जसबाट आगामी बर्षमा बैंकलाई दिगो बृद्धि र उच्च प्रतिफल प्राप्त हुनेमा बैंक विश्वस्त रहेको छ ।

हामीसँग हामीलाई निदिष्ट गर्ने स्पष्ट योजना रहेका छन् । अनुभवी ब्यवस्थापन समूह तथा हाम्रो संस्कारमा अन्तर्निहित हाम्रो ब्राण्ड प्रतिबद्धता Here for good हाम्रा बलिया अस्त्र हुन् । बदलिँदो बाह्य वातावरणप्रति बैंक अनुकुल हुँदै जाने र बजारका विधमान अवसरहरुलाई हासिल गरिरहनेमा बैंकको संचालक समिति पूर्ण संकल्पित रहेको छ ।

हामीले लिने सबै खाले रणनीतिक र कार्य संचालन सम्बन्धि निर्णयहरु हाम्रो आफ्नै ब्यवहार र नियन्त्रणलाई सुधार गर्दै जाने प्रतिबद्धताका आधार हुन् । आर्थिक अपराध बिरुद्धको लडाईमा हामी अग्रपंक्तिमा उभिएका छौं र यस उत्तरदायित्वलाई अति गम्भिरताका साथ लिएका छौं । हामीले आफ्ना कर्मचारी र अन्तरनिहित ब्यवहारका साथसाथै अनुपालना सम्बन्धि पूर्वाधारमा अधिक लगानी गर्ने छौं ।

म अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकलाई हामीप्रतिको अमूल्य सहयोग र मार्गदर्शनका लागि हार्दिक कृतज्ञता अर्पण गर्न चाहन्छु । आर्थिक उद्योगको प्रबर्द्धन र सहायतामा देखाएको प्रतिबद्धताका लागि म यस अवसरमा उहाँहरुको सराहना पनि गर्न चाहन्छु । हामीप्रतिको मजबुत तथा अविचलित सहयोगका लागि म सबै लगानीकर्ताहरु प्रति आभारी छु ।

बैंकिङ्ग क्षेत्रभित्र बढिरहको प्रतिस्पर्धाका कारण हाम्रा कर्मचारीहरुको बजारमा उच्च माग रहेको छ । उत्कृष्ट तथा क्षमतावान कर्मचारीहरुलाई बैंकभित्रमा नै रहिरहन आकर्षित गर्ने तथा उनीहरुको शिप र क्षमता विकासको महत्वबारे हामी सचेत छौं । हामी उत्कृष्ट कार्यसम्पादन र ब्यवसायिक संस्कृतीको सम्मान गर्ने बैंक भएका कारण बिगतमा झैं कर्मचारीहरुको उचित कार्यसम्पादन र राम्रो ब्यवहारका लागि उनीहरुलाई सम्मान गर्ने क्रमलाई निरन्तरता दिइरहनेछौं ।

अन्तमा, चुनौतीपर्ण परिस्थितीमा पनि हामीलाई निरन्तर सहयोग गरिरहनुहुने हाम्रा ग्राहकवर्ग तथा शेयरधनीहरु र अथक मेहनत तथा स्ट्याण्डर्ड चार्टर्ड बैंकप्रतिको समर्पणभावका लागि म सम्पूर्ण कर्मचारीजनप्रति फेरी एक पटक आभार प्रकट गर्न चाहन्छु । हामी आकर्षक फ्रेन्चाइजका संरक्षक हौं र हाम्रो निरन्तरको मेहनत र स्पष्ट निर्णयहरुद्वारा शेयरधनीहरुका लागि थप प्रतिफल प्रदान गर्नका लागि उत्कृष्ट र परिष्कृत कार्यसम्पादन प्रस्तुत गर्नेबारे पनि आशावादी छौं ।

**अनन्त नारायण**
अध्यक्ष

## आ.व.२०७२/७३ का वित्तीय उपलव्धिहरु*

रु. हजारमा

| | आषाढ ३१, २०७३ | आषाढ ३१, २०७२ | % परिवर्तन |
|---|---|---|---|
| संचालन मुनाफा | १,७०१,२४८ | १,८५०,४९२ | -८ |
| कर्जा नोक्सानी व्यवस्थामा रकमान्तर | २६०,७५१ | १८८,६८२ | ३८ |
| कर व्यवस्था | ५२४,६५३ | ५८४,११५ | -१० |
| नोक्सानी व्यवस्था र कर पछिको खुद नाफा | १,२९२,४९५ | १,३१०,३५२ | -१ |
| प्रस्तावित बोनस शेयर | ९३७,४७५ | ५६२,०४० | ६७ |
| प्रस्तावित नगद लाभांश | ४९,३४१ | ४३१,८८४ | -८९ |

## कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको थप जानकारी

### प्रतिवेदन तयार भएको मिति सम्मको चालू बर्षको उपलव्धि र भविष्यमा गर्नुपर्ने कुराका सम्बन्धमा संचालक समितिको धारणा :

भविष्यमा गर्नुपर्ने कुराका सम्बन्धमा अध्यक्षको प्रतिवेदनमा उल्लेख गरीएको ।

### चालू आर्थिक वर्ष २०७३/७४ को *पहिलो त्रैमास* को लेखापरीक्षण नगरिएको उपलव्धि परिणाम यस प्रकार छ :-*

रु. हजारमा

| | |
|---|---|
| कर्जा तथा सापटि | ३२,३९१,२७२ |
| निक्षेप | ५७,४१२,८२२ |
| संचालन मुनाफा | ५३२,५१० |
| बोनस र कर अघिको मुनाफा | ५४९,०९५ |
| खुद मुनाफा | ३४९,४२४ |

### बिगत वर्षको कारोबारको सिंहावलोकन :

अध्यक्षको प्रतिवेदनमा उल्लेख गरीएको ।

### राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :

अध्यक्षको प्रतिवेदनमा उल्लेख गरीएको ।

### कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध :

कम्पनीले आफ्ना ग्राहक, कर्मचारी तथा नियामक निकायसँग राम्रो व्यवसायिक सम्बन्ध कायम गरेका छ कम्पनीका वरिष्ठ व्यवस्थापकहरुले नियमनकारी निकायहरुका विभिन्न परिषद्, समिति र उप-समितिहरु, पेशागत संघ संस्थाहरु तथा मन्चहरुमा बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने गरेका छन् ।

यो कम्पनी नेपाल बैंकर्स एसोसिएसन, उधोग वाणिज्य महासंघ, नेपाल-ब्रिटेन उद्योग वाणिज्य संघ, नेपाल उधोग परिसंघ, नेपाल-भारत उद्योग वाणिज्य संघ, नेपाल व्यवस्थापन संघ तथा नेपाल कम्पनी सेक्रेटरी संस्थासँग आवद्ध रहेको छ ।

### संचालक समितिमा भएको परिवर्तन र सोको कारण :

स्ट्याण्डर्ड चार्टर्ड समुहले अध्यक्ष सुनिल कौसलको स्थानमा मिति १० फाल्गुण २०७२ देखि लागु हुने गरी अनन्त नारायणलाई नियुक्त गरेको । साथै सर्वसाधारण शेयरधनिबाट मनोनित संचालक अमृत कुमारी थापाको ४ बर्षे कार्यकाल समाप्त भै उहाँको स्थानमा मिति २१ जेष्ठ २०७३ मा बसेको बैंकको २९औं वार्षिक साधारण सभाले शंकरलाल अग्रवाललाई संचालक मनोनयन गरेको ।

### कारोबारलाई असर पार्ने मुख्य कुराहरू :

अध्यक्षको मन्तव्य अन्तर्गत 'आर्थिक वातावरण' र 'निष्कर्ष' का अनुच्छेद हेर्नुहोला ।

### लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सन्चालक समितिको प्रतिकृया :

लेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित कैफियतहरुका सम्बन्धमा अन्यथा कुनै प्रतिकृया छैन ।

### लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :

बैंकको संचालक समितिले शेयरधनीहरुलाई रु. ९३७,४७५,३३३ वोनश शेयरको माध्यमबाट र रु. ४९,३४०,८०७ लाभांशको माध्यमबाट वितरण गर्ने प्रस्ताव गरेको छ ।

### शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण :

यस आर्थिक बर्षमा कुनै पनि शेयर जफत नभएको ।

### बिगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक बर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :

बैंकको कुनै पनि सहायक कम्पनी नरहेको ।

### कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :

बैंकको कुनै पनि सहायक कम्पनी छैन र यस अवधिमा कम्पनीको व्यवसायमा कुनै पनि महत्वपूर्ण परिवर्तन भएको छैन ।

### बिगत आर्थिक बर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :

स्ट्याण्डर्ड चार्टर्ड बैंक समुह बाहेक अन्य कुनै पनि शेयरधनीले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशत भन्दा बढी शेयर धारण नगरेको हुँदा बैंकमा कुनै पनि आधारभूत शेयरधनी छैनन् । यस सम्बन्धमा स्ट्याण्डर्ड चार्टर्ड समुहबाट कुनै पनि जानकारी प्राप्त भएको छैन ।

### बिगत आर्थिक बर्षमा कम्पनीका सन्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलगन रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :

नभएको । संचालक र पदाधिकारीहरुले कम्पनी समक्ष गरेको घोषणा अनुसार आर्थिक बर्ष २०७२/७३ मा बैंकको शेयर कारोबारमा उहाँहरुको संलग्नता नभएको ।

### बिगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सन्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :

संचालक र निजको नजिकको कुनै नातेदारबाट त्यस्तो कुनै पनि जानकारी प्राप्त नभएको ।

** वित्तीय परिसूचकहरु नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमको लेखाअनुसार प्रस्तुत गरिएको छ ।*

**कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम :**
समीक्षा बर्षमा कम्पनीले आफ्नो शेयर आफै खरिद गरेको छैन ।

**आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**
आन्तरिक नियन्त्रण प्रणाली भएको । सो सम्वन्धमा अध्यक्षको प्रतिवेदनमा उल्लेख गरिएको ।

**बिगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण**
यस आर्थिक बर्षको व्यवस्थापन खर्च रु. ९२३,०४९,५१३ (आर्थिक विवरणको अनुसूची ४.२३ र ४.२४ अनुसार कुल कर्मचारी खर्च र अन्य संचालन खर्च) रहेको छ ।

**लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण**
आषाढ मसान्त २०७३ मा लेखापरीक्षण समितिको संरचना यस प्रकार रहेको छ :

| | | |
|---|---|---|
| श्री सुजित मुन्दुल, गैर कार्यकारी संचालक | - | अध्यक्ष |
| श्री अनुराग अदलखा, गैर कार्यकारी संचालक | - | सदस्य |
| श्री संजय बल्लभ पन्त | - | सदस्य सचिव |

**पारिश्रमिक, भत्ता र सुविधा**
समितिका अध्यक्ष तथा सदस्यलाई प्रदान गरीने प्रति बैठक भत्ता क्रमश: रू. ७,५०० र ५,००० रहेको छ । उपरोक्त बैठक भत्ता बाहेक अन्य कुनै पनि प्रकारको पारिश्रमिक वा सुविधाहरु प्रदान गरिएको छैन । देहायको तालिकाले आ.व. २०७२/७३ मा बसेको लेखा समितिको बैठकको संख्या तथा पारिश्रमिकको भुक्तानी देखाउँदछ :

| लेखा समितिका सदस्यहरु | बैठकको संख्या ५ | भुक्तानी भएको पारिश्रमिक रु. |
|---|---|---|
| सुजित मुन्दुल<br>अध्यक्ष | ५ | ३७,५०० (कर सहित) |
| अनुराग अदलखा[1]<br>सदस्य | ५ | शून्य - पारिश्रमिक नलिएको |
| अमृत कुमारी थापा[2]<br>सदस्य | ५ | २५,००० (कर सहित) |

१ ४ बैठक भिडियो कन्फेरेन्सिङ्गको माध्यमबाट बैठकमा सहभागी हुनु भएको ।
२ संचालकको रुपमा मिति जेष्ठ २१, २०७३ बाट कार्यकाल समाप्त भएको

**आर्थिक वर्ष २०७२/७३ मा लेखापरीक्षण समितिले गरेका कार्य विवरण निम्न बमोजिम रहेको छ :**
यस समितिले आन्तरिक लेखापरीक्षण सम्बन्धी प्रतिवेदन, नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदन, बाह्य लेखापरीक्षण प्रतिवेदन, बैंकको आर्थिक अवस्था, आन्तरिक नियन्त्रण, अनुपालना सम्बन्धी बिषयहरुको पुनरावलोकन गर्दछ । यस समितिले उपयुक्ततानुसार संचालक समिति मार्फत व्यवस्थापनलाई मार्गनिर्देशन एवं सुझावहरु दिने गर्दछ । यसका अतिरिक्त समितिले आन्तरिक लेखापरीक्षणको वार्षिक कार्य योजना पारित गर्ने तथा बैंकको बाह्य लेखापरीक्षकको नियुक्तिको लागि बैंक संचालक समिति मार्फत् साधारण सभामा सिफारिस गर्ने कार्य गर्दछ ।

- बैंकको आन्तरिक नियन्त्रण प्रणालीको समिक्षा गरि सोको जानकारी संचालक समितिलाई दिएको;
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उठेका विषयहरुको समिक्षा गरी व्यवस्थापनलाई सो सुधार गर्ने निर्देशन दिएको;
- आन्तरीक लेखापरीक्षण योजनासँग तुलना गरि आन्तरिक लेखापरीक्षणले गरेको कार्यसम्पादनको समिक्षा गरेको;
- लेखापरीक्षण समितिको संशोधित काम, कर्तब्य तथा अधिकार को समिक्षा गरी सोको अनुमोदन गरेको;
- लेखापरीक्षण विधीको परिबर्तनको समिक्षा र अनुमोदन;
- बैंकको लेखापरीक्षण बडापत्र (Audit Charter) को समिक्षा गरी सोमा स्विकृती प्रदान;
- जोखिम मूल्यांकन र नियमनकारी मापदण्डको आधारमा तयार पारिएको वार्षिक लेखापरीक्षण योजनाको समिक्षा र सोमाथि स्विकृती प्रदान;
- लेखापरीक्षण विभागको श्रोत तथा संशाधनको स्थिती र विकास बृद्धीको समिक्षा;
- नेपाल राष्ट्र बैंकको वार्षिक स्थलगत निरीक्षण र बाहय लेखापरीक्षक (Statutory Auditor) ले औल्याएका कैफियत को समिक्षा र सो प्रतिवेदनहरुमा उठेका कैफियत सम्बोधन गर्नका लागि व्यवस्थापनलाई निर्देशन प्रदान;
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरु, बाह्य लेखापरिक्षण प्रतिवेदन र नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनले उठाएका लेखापरीक्षण सम्बन्धित विषयहरुको अवस्थाको समिक्षा;
- संचालक समितिमार्फत बाह्य लेखापरीक्षक (Statutory Auditor) को नियुक्ति र पारिश्रमिक निर्धारणका लागि बैंकको वार्षिक साधारण सभामा सिफारिस;
- त्रैमासिक र वार्षिक बित्तीय विवरणहरुको समिक्षा, प्रमुख बित्तिय सूचकाङ्कहरुको तुलना र कर्जा नोक्सानी वापत व्यवस्थाको पर्याप्तता;
- उच्च जोखिम, नयाँ जोखिमका विषयहरु तथा ती जोखिमहरुको न्युनिकरणका लागि उपयुक्त व्यवस्थापन कार्ययोजनाबारे समिक्षा र छलफल; नियमनकारी विकासक्रम, उलंघन र बैंकको अनुपालनाको अवस्था बुझ्नका लागि अनुपालना सम्बन्धि अनुगमन र प्रतिवेदन (Compliance Monitoring Report) को समिक्षा;
- वार्षिक अनुपालना सम्बन्धि योजनाको समिक्षा;
- बैंकमा भएको कुनै पनि ठगी र नोक्सानी सम्बन्धी घटनाको समिक्षा;
- बैंकको वार्षिक वित्तीय विवरणमा पूँजी संरचना, पूँजी पर्याप्तता, संभावित जोखिम र जोखिम व्यवस्थापन कार्य लगायत तीन खम्बा (Pillar 3) विवरण माथिको समिक्षा;
- वित्तीय अपराध अनुपालना प्रतिवेदनको समिक्षा ।
- आन्तरीक लेखा विभाग प्रमुखको कार्यसम्पादनको समिक्षा ।

**सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :** नभएको ।

**सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकमः** संचालकहरुलाई कुनै पनि पारिश्रमिक र सुविधा उपलब्ध नगराइएको। बैंकको नियमावली बमोजिम प्रति बैठक अध्यक्षलाई रु. २२,५०० र संचालकलाई रु. १७,५०० का दरले बैठक भत्ता दिने व्यवस्था रहेको।

तलको तालिकाले आ.व. २०७२/७३ मा सम्पन्न भएका संचालक समितिका बैठकहरु र भुक्तानी गरीएको भत्ता विवरण देखाउँछ :

| संचालक समितिका सदस्यहरु | बैठकको संख्या १३[१] | भुक्तानी भएको भत्ता रु. |
|---|---|---|
| **सुनिल कौशल**[२] अध्यक्ष | ३ | शून्य-पारिश्रमिक नलिएको |
| **अनन्त नारायण**[२] अध्यक्ष | ३ | शून्य-पारिश्रमिक नलिएको |
| **अनुराग अदलखा**[३] संचालक | ११ | शून्य-पारिश्रमिक नलिएको |
| **सुजित मुन्दुल** संचालक | १३ | २,२७,५०० (कर सहित) |
| **कृष्ण कुमार प्रधान** व्यवसायिक संचालक | १३ | २,२७,५०० (कर सहित) |
| **अमृत कुमारी थापा,** सर्वसाधारण शेयरधनीका तर्फका संचालक[४] | १२ | २,१०,००० (कर सहित) |
| **जोसेफ सिल्भानस**, प्रमुख कार्यकारी अधिकृत तथा संचालक | १३ | शून्य- पारिश्रमिक नलिएको |
| **शंकर लाल अग्रवाल**, सर्वसाधारण शेयरधनीका तर्फका संचालक[४] | १ | शून्य- पारिश्रमिक नलिएको |

[१] संचालक समितिको १३ बैठक मध्ये ३ बैठक सर्कुलेशनको माध्यमबाट भएको थियो।

[२] अध्यक्ष सुनिल कौसललाई मिति १० फाल्गुण २०७२ मा अध्यक्ष अनन्त नारायणले प्रतिस्थापन गर्नु भएको।

[३] संचालक समितिको ११ बैठकमा उपस्थित हुनु भएको सो मध्ये ६ बैठकमा भिडियो कन्फेरेन्सिङ्गको माध्यमबाट उपस्थित हुनु भएको।

[४] संचालक अमृत कुमारी थापालाई शंकर लाल अग्रवालले मिति २१ जेष्ठ २०७३ मा प्रतिस्थापन गर्नु भएको।

**आर्थिक बर्ष २०७२/७३ मा प्रमुख कार्यकारी अधिकृतलाई पारिश्रमिक, भत्ता र बोनस बापत रु. २१,२५८,८७४ (प्रचलित कानुन अनुसार सो मा लाग्ने कर बैंकले ब्यहोरेको) भुक्तानी दिइएको। बैंकले प्रमुख कार्यकारी अधिकृतलाई तल उल्लेखित सुविधा उपलब्ध गराएको :-**

- बासस्थान
- सवारी साधन र चालक
- सुरक्षा गार्ड र सहयोगी
- मोबाइल र टेलिफोन
- बिदा भ्रमण भत्ता
- औषधी उपचार खर्च
- बच्चाको पढाई खर्च
- क्लब खर्च
- पार्टनर सपोर्ट

**शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**
आषाढ मसान्त २०७३ सम्म शेयरधनीहरुले भुक्तानी लिन बांकी रहेको लाभांश रु. १४०,१५४,४११ रहेको छ।

**दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :** नभएको।

**दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण :** नभएको।

**कम्पनी ऐन, २०६३ तथा प्रचलित कानूनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :** नभएको

**अन्य आवश्यक कुराहरु :** नभएको

# नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिएको स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको वित्तीय विवरण

## वासलात

३१ आषाढ २०७३ को (१५ जुलाई २०१६ को)

| पूँजी तथा दायित्व | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. शेयर पूँजी | ४.१ | ३,७४९,९०१,३३३ | २,८१०,२०१,५०० |
| २. जगेडा तथा कोषहरू | ४.२ | ३,७७४,२७३,८५३ | ३,२८२,५४२,२५० |
| ३. ऋणपत्र तथा बण्ड | ४.३ | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ४.४ | ५००,०००,००० | - |
| ५. निक्षेप दायित्व | ४.५ | ५५,७२७,१७८,४५६ | ५७,२८६,४८२,०३७ |
| ६. भुक्तानी दिनुपर्ने विलहरू | ४.६ | ३१०,१८३,५७३ | १७७,०८६,०७५ |
| ७. प्रस्तावित लाभांश | | ४९,३४०,८०७ | ४३१,८८३,५९२ |
| ८. आयकर दायित्व | | - | - |
| ९. अन्य दायित्व | ४.७ | १,०७४,८५४,४५७ | १,०७०,८४८,६२५ |
| **कुल पूँजी तथा दायित्व** | | **६५,१८५,७३२,४७९** | **६५,०५९,०४४,०७९** |

| सम्पत्ति | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. नगद मौज्दात | ४.८ | ७९९,३६६,०५६ | ७८५,६३६,०९० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.९ | १,५१४,६७१,३८४ | ९,३०८,११६,२६० |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.१ | १,६५८,२९४,७४३ | १,४७८,६८९,५७८ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४.११ | ६,०६९,६६०,००० | ११,९७३,५४६,००० |
| ५. लगानी | ४.१२ | २३,०९४,६२१,५५६ | १३,१२०,०६२,५२८ |
| ६. कर्जा सापट तथा बिल खरिद | ४.१३ | ३१,३०२,९४९,५९६ | २७,६८१,३१३,२५६ |
| ७. स्थिर सम्पत्ति | ४.१४ | ७१,३०६,०८३ | ८३,८५३,४०० |
| ८. गैर बैकिङ्ग सम्पत्ति | ४.१५ | - | - |
| ९. अन्य सम्पत्ति | ४.१६ | ६७४,८६३,०६१ | ६२७,८२६,९६७ |
| **कुल सम्पत्ति** | | **६५,१८५,७३२,४७९** | **६५,०५९,०४४,०७९** |

| | |
|---|---|
| सम्भावित दायित्व | अनुसूची ४.१७ |
| सञ्चालकहरूको घोषणा | अनुसूची ४.२९ |
| पूँजीकोष तालिका | अनुसूची ४.३० (क १) |
| कर्जा जोखिम तालिका | अनुसूची ४.३० (ख) |
| कर्जा जोखिम घटाउन योग्य धितोको तालिका | अनुसूची ४.३० (ग) |
| संचालन जोखिम तालिका | अनुसूची ४.३० (घ) |
| बजार जोखिम तालिका | अनुसूची ४.३० (ङ) |
| प्रमुख सूचकाङ्कहरू | अनुसूची ४.३१ |
| प्रमुख लेखा नीतिहरू | अनुसूची ४.३२ |
| लेखा सम्बन्धी टिप्पणीहरू | अनुसूची ४.३३ |

४.१ देखि ४.१७ सम्मका अनुसूचीहरू वासलातका अभिन्न अङ्ग हुन्।

# नाफा नोक्सान हिसाब

१ श्रावण २०७२ देखि ३१ आषाढ २०७३ सम्म (१७ जुलाई २०१५ देखि १५ जुलाई २०१६ सम्म)

| विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. ब्याज आम्दानी | ४.१८ | २,४१५,५८२,६६८ | २,५७१,०११,९८९ |
| २. ब्याज खर्च | ४.१९ | ५६५,७०४,६४९ | ६५७,४९६,५२४ |
| **खुद ब्याज आम्दानी** | | **१,८४९,८७८,०१९** | **१,९१३,५१५,४६५** |
| ३. कमिशन तथा डिस्काउन्ट | ४.२० | ३५७,५१९,७१३ | ३६२,९६३,८९७ |
| ४. अन्य संचालन आम्दानी | ४.२१ | ४८,०९५,७३६ | ३८,००९,९७८ |
| ५. सटही घटबढ आम्दानी | ४.२२ | ६२९,५५५,४७३ | ६१३,९३५,९३७ |
| **कुल संचालन आम्दानी** | | **२,८८५,०४८,९४०** | **२,९२८,४२५,२७७** |
| ६. कर्मचारी खर्च | ४.२३ | ४८४,१३५,६३५ | ४६८,२७७,९७६ |
| ७. अन्य संचालन खर्च | ४.२४ | ४३८,९१३,८७८ | ४२०,९७३,१५७ |
| ८. सटही घटबढ नोक्सान | ४.२२ | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा** | | **१,९६१,९९९,४२८** | **२,०३९,१७४,१४४** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरू | ४.२५ | २६०,७५१,०९० | १८८,६८२,२३७ |
| **संचालन मुनाफा** | | **१,७०१,२४८,३३८** | **१,८५०,४९१,९०७** |
| १०. गैर संचालन आम्दानी/खर्च | ४.२६ | ३७,८५२,९८२ | ६३,८६०,७६१ |
| ११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४.२७ | २५७,९७३,६८३ | १४९,६८८,३३१ |
| **नियमित कारोबारबाट भएको मुनाफा** | | **१,९९७,०७५,००३** | **२,०६४,०४०,९९९** |
| १२. असामान्य कारोबारहरूबाट भएको आम्दानी/खर्च | ४.२८ | १,७८७,३९६ | १७,५२५,४९६ |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | | **१,९९८,८६२,३९९** | **२,०८१,५६६,४९५** |
| १३. कर्मचारी बोनस व्यवस्था | | १८१,७१४,७६४ | १८७,०९९,४९१ |
| १४. आयकर व्यवस्था | | ५२४,६५३,००३ | ५८४,११५,०८७ |
| ● यस वर्षको कर व्यवस्था | | ५०२,४७५,४९७ | ५८६,७१६,७३३ |
| ● गत वर्षसम्मको कर व्यवस्था | | ८५६,४१९ | ७,७४६,२०० |
| ● यस वर्षको स्थगन कर आम्दानी/खर्च | | २१,३२१,०८७ | (१०,३४७,८४६) |
| **खुद नाफा/नोक्सान** | | **१,२९२,४९४,६३२** | **१,३१०,३५१,९१७** |

४.१८ देखि ४.२८ सम्मका अनुसूचीहरू नाफा नोक्सान हिसाबका अभिन्न अङ्ग हुन् ।

# नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिएको स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको वित्तीय विवरण उपर स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको यसै साथ संलग्न २०७३/३/३१ (१५ जुलाई २०१६) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण, इक्यिुटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरुको लेखा परीक्षण सम्पन्न गरेका छौं । यी वित्तीय विवरणहरु व्यवस्थापनद्वारा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिएको छ ।

**आर्थिक विवरणहरूप्रति व्यवस्थापनको जिम्मेवारी**

२. नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यस्थापनलाई लागेको उचित आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा जसले जालसाजी वा गल्तीवाट होस, सारभूत किसिमले त्रुटिरहित वित्तीय विवरण तयार गर्ने, लेखानीतिहरुको छनौट एवं परिस्थिति अनुसार लेखासम्वन्धी महत्वपूर्ण अनुमान गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

३. लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको वारेमा मनासिव आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना वनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले बैंकको आन्तरीक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थितिअनुसार हाम्रो लेखा परीक्षण कार्यविधि तयार गर्दा, बैंकले वित्तीय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गरेका आन्तरीक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको मूल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुति को लेखाजोखा समेत समावेश हुन्छ ।

हाम्रो लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**मन्तव्य**

४. हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको २०७३ आषाढ ३१ (१५ जुलाई २०१६) गतेको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार यथार्थ चित्रण गर्दछ ।

**लेखाङ्कनको आधार**

५. हाम्रो रायमा परिमार्जन नगरि, हामी लेखाङ्कनको आधार व्याख्या गरिएका लेखा सम्बन्धि नीतिको प्रकरण ४ मा ध्यानाकृष्ठ गर्ने चाहन्छौं । यस वित्तीय विवरण नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिएकोले गर्दा वित्तीय विवरणहरु अन्य प्रयोजनको निम्ति उचित नहुन पनि सक्दछ ।

**अन्य कानूनी तथा नियामक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

६. हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु सम्पूर्ण रुपमा पाएका छौं ।

(ख) यो प्रतिवेदनसँग सम्वन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, इक्यिुटीमा भएको परिवर्तन र नगद प्रवाह विवरण र संलग्न अनुसूचिहरु नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

(ग) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले व्याज आम्दानी हिसाब नगद प्राप्तीको आधारमा लेखाङ्कन गरेको छ ।

(घ) हामीले बैंकको श्रेस्ता लेखा परिक्षणको समयमा, बैंकको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा बैंकको सम्पत्ति हिनामिना गरेको वा बैंकको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) बैंकले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाइयो ।

(च) हाम्रो रायमा हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त पूँजीकोष राखेको तथा सम्पत्तिमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था गरेको छ ।

(छ) बैंकले आ.व. २०७२/०७३ मा रु. २५,६७,९९६ को कर्जा अपलेखन गरेको छ ।

(ज) बैंकले नेपाल राष्ट्र बैकले दिएको निर्देशन अनुरुप कार्य गरेको छ ।

(झ) बैंकले निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको देखिएन ।

(ञ) बैंकको केन्द्रिकृत कोर लेखाप्रणाली रहेकोले शाखाहरुबाट प्राप्त विवरणहरु हाम्रो लेखापरीक्षणको लागि पर्याप्त थिए, र

(ट) बैंकमा लेखा सम्वन्धी कुनै जालसाजी भएको, बैंकको श्रेस्ता र लेखा परिक्षणबाट हाम्रो जानकारीमा आएन ।

**अन्य ममिला**

७. स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले नेपाल वित्तीय विवरण प्रतिवेदनमान (एन.एफ.आर.एस) बमोजिम मिति २०७३/३/३१ (१५ जुलाई २०१६) को छुट्टै वित्तीय विवरण तयार गरेको छ जसमा हामीले मिति २०७३/०७/०३ मा स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका शेयरधनिहरुलाई छुट्टै लेखापरिक्षण प्रतिवेदन पेश गरेका छौं ।

**मिति:** २०७३/०७/०३
**स्थान:** काठमाण्डौ

**सिए. भाष्कर सिँह लाला**
साझेदार

# नेपाल वित्तीय विवरण प्रतिवेदन मान (एन.एफ.आर.एस) अनुरूपको वित्तीय विवरण

## आर्थिक स्थितिको विवरण
३१ आषाढ २०७३ को (१५ जुलाई २०१६ को)

रु. हजारमा

| सम्पत्तीहरु | अनुसूची | ३१ आषाढ २०७३ | पुनर्स्थापित ३१ आषाढ २०७२ | पुनर्स्थापित ३१ आषाढ २०७१ |
|---|---|---|---|---|
| नगद | ४.१ | ७९९,३६६ | ७८५,६३६ | ६१३,७६८ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.२ | १,५१४,६७२ | ९,३०८,११६ | ६,८६२,४५२ |
| ट्रेजरी विलहरु | ४.३ | ७,०२१,७२२ | ५,४१६,२३६ | १,९८३,९२३ |
| सरकारी ऋणपत्र | ४.४ | २,७८९,६२२ | ३६३,००६ | ३६६,५८५ |
| अन्य बैंक मौज्दात | ४.५ | १,६५८,२९४ | १,४७८,६९० | १,७१२,०८४ |
| बैंकहरुलाई कर्जा तथा सापटी | ४.६ | १८,९५०,४६१ | १९,१२२,६१६ | १४,९६१,८३५ |
| ग्राहकहरुलाई कर्जा तथा सापटी | ४.७ | ३१,४६९,११६ | २७,८१५,९७० | २६,११२,४९४ |
| धितोपत्रहरुमा लगानी | ४.८ | ४०२,४७८ | १९१,८१० | २२५,०२२ |
| अन्य सम्पत्ती | ४.९ | ७००,२९५ | ६३५,७५० | ७५९,९९७ |
| जेथा, मेशीनरी तथा उपकरण | ७ | ७१,३०६ | ८३,८५३ | ६८,७२६ |
| स्थगन कर सम्पत्ती /(दायित्व) | १२.४ | (२८,९०६) | ५,५०५ | (२,२२२) |
| **कुल सम्पत्ती** | | **६५,३४८,४२६** | **६५,२०७,१८९** | **५३,६६४,६६३** |
| | | | | |
| **दायित्व तथा पूँजी** | | | | |
| | | | | |
| **दायित्व** | | | | |
| बैकहरुबाट निक्षेप | ४.१० | १७३,९७१ | १४७,६१४ | ९४,६२४ |
| ग्राहकहरुबाट निक्षेप | ४.११ | ५५,५५३,२०८ | ५७,१३८,८६९ | ४६,२०३,९०८ |
| भुक्तानी दिनुपर्ने विलहरु | ४.१२ | ३१०,१८४ | १७७,०८५ | ६७,४४० |
| तिर्न बाँकी कर्जा सापट | ४.१३ | ५००,००० | - | - |
| अन्य दायित्व | ४.१४ | १,०६०,३८३ | ९८८,०६५ | ९४८,११९ |
| अवकाश भुक्तानी दायित्व (खुद) | ८.२ | १४,४७१ | ८२,७८३ | ७५,२६१ |
| **कुल दायित्व** | | **५७,६१२,२१७** | **५८,५३४,४१६** | **४७,३८९,३५१** |
| | | | | |
| **पूँजी** | | | | |
| शेयर पूँजी | १० | २,८१२,४२६ | २,२४८,१६१ | २,०४१,६७२ |
| जगेडा | ११ | ४,९२३,७८३ | ४,४२४,६१२ | ४,२३३,६४० |
| **कुल शेयरधनीको पूँजी** | | ७,७३६,२०९ | ६,६७२,७७३ | ६,२७५,३१२ |
| **जम्मा पूँजी** | | **७,७३६,२०९** | **६,६७२,७७३** | **६,२७५,३१२** |
| **कुल दायित्व तथा पूँजी** | | **६५,३४८,४२६** | **६५,२०७,१८९** | **५३,६६४,६६३** |

# नाफा वा नोक्सान हिसाव विवरण

१ श्रावण २०७२ देखि ३१ आषाढ २०७३ सम्म (१७ जुलाई २०१५ देखि १५ जुलाई २०१६ सम्म)

| | अनुसूची | २०७२-७३<br>रु. हजारमा | पुनर्स्थापित<br>२०७१-७२<br>रु. हजारमा |
|---|---|---|---|
| व्याज आम्दानी | ६.१ | २,४४०,००४ | २,५९३,५७९ |
| व्याज खर्च | ६.२ | (५६५,७०५) | (६६१,०७५) |
| **खुद व्याज आम्दानी** | | १,८७४,२९९ | १,९३२,५०४ |
| शुल्क तथा कमिशन आम्दानी | ६.३ | ३११,३१२ | ३०८,४११ |
| खुद व्यापारिक आम्दानी (Net trading income) | ६.४ | **६२९,५५५** | **६१३,९३६** |
| अन्य संचालन आम्दानी | ६.५ | ८५,९४८ | १०१,८७० |
| **गैर-व्याज आम्दानी** | | १,०२६,८१५ | १,०२४,२१७ |
| **संचालन आम्दानी** | | २,९०१,११४ | २,९५६,७२१ |
| कर्मचारी खर्च | ८.१ | (६८१,८११) | (६७०,७५०) |
| भवन सम्बन्धी खर्च (Premises costs) | १५ | (१३७,०७७) | (१४३,५१०) |
| सामान्य प्रशासनिक खर्च (General administrative expenses) | १६ | (२८१,३७४) | (२६२,२२१) |
| ह्रास खर्च | ७, १७ | (२०,४६३) | (१५,२४२) |
| **संचालन खर्च (Operating expenses)** | | (१,१२०,७२४) | (१,०९१,७२३) |
| **कर तथा नोक्सानी व्यवस्था पूर्वको संचालन मुनाफा** | | १,७८०,३९० | १,८६४,९९८ |
| ग्राहकहरुलाई कर्जा तथा सापटीमा नोक्सानी व्यवस्था | ५ | (४०,१२९) | (३३,९१९) |
| ग्राहकहरुलाई कर्जा तथा सापटीमा नोक्सानी व्यवस्थाबाट फिर्ता | ५ | १७,००८ | ७८,३५० |
| अन्य नोक्सानी व्यवस्था | - | ४३,१०८ | (४८,२६१) |
| अन्य | १८ | १,७८७ | १७,५२५ |
| **कर अघिको मुनाफा** | | १,८०२,१६४ | १,८७८,६९३ |
| कर | | | - |
| आयकर | १२.१ | (५०३,३३२) | (५९४,४६२) |
| स्थगन कर आम्दानी/(खर्च) | १२.४ | (३४,१४८) | ८,३५७ |
| वर्षको मुनाफा | | १,२६४,६८४ | १,२९२,५८८ |
| **मुनाफाको उपलब्धता (Profit attributable to):** | | | |
| साधारण शेयरधनीहरु | | १,२६४,६८४ | १,२९२,५८८ |
| **वर्षको मुनाफा** | | १,२६४,६८४ | १,२९२,५८८ |
| प्रति शेयर आम्दानी : | | | |
| **आधारभूत प्रति साधारण शेयर आम्दानी रु (Basic earnings per ordinary share)** | १९ | ५४.६८ | ५९.६३ |
| **मिश्रित प्रति साधारण शेयर आम्दानी रु (Diluted earnings per ordinary share)** | १९ | ५४.६८ | ५९.६३ |

# स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको शेयरधनी महानुभावहरू समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको यसै साथ संलग्न २०७३/३/३१ (१५ जुलाई २०१६) को आर्थिक स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान हिसाव, अन्य समष्टिगत आम्दानी हिसाब विवरण, नगद प्रवाह विवरण, इक्यिुटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरुको लेखा परीक्षण सम्पन्न गरेका छौं ।

**आर्थिक विवरणहरूप्रति व्यवस्थापनको जिम्मेवारी**

२. नेपाल वित्तीय विवरण प्रतिवेदन मान (एन.एफ.आर.एस) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत किसिमले त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्वन्धी आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखासम्वन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

**लेखापरीक्षकको जिम्मेवारी**

३. लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको वारेमा मनासिव आश्वासन प्राप्त गर्न, लेखापरीक्षणको योजना वनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले बैंकको आन्तरीक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थितिअनुसार हाम्रो लेखा परीक्षण कार्यविधि तयार गर्दा, बैंकले वित्तीय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गरेका आन्तरीक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको मूल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ ।

हाम्रो लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**मन्तव्य**

४. हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको २०७३ आषाढ ३१ (१५ जुलाई २०१६) गतेको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल वित्तीय विवरण प्रतिवेदन मान र कम्पनी ऐन २०६३ अनुसार यथार्थ चित्रण गर्दछ ।

**अन्य कानूनी तथा नियामक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

५. हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु सम्पूर्ण रुपमा पाएका छौ ।

(ख) कम्पनीले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखा सँग दुरुस्त रहेका छन् ।

(ग) हाम्रो रायमा, बैंकको हिसाव किताब ऐन बमोजिम ठीक सँग राखिएको छ ।

(घ) हामीले बैंकको श्रेस्ता लेखा परिक्षणको समयमा, बैंकको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा बैंकको सम्पत्ति हिनामिना गरेको वा बैंकको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) बैंकले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाइयो ।

(च) बैंकले निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको देखिएन ।

(छ) बैंकको केन्द्रिकृत कोर लेखाप्रणाली रहेकोले शाखाहरुबाट प्राप्त विवरणहरु हाम्रो लेखापरीक्षणको लागि पर्याप्त थिए, र

(ज) बैंकमा लेखा सम्वन्धी कुनै जालसाजी भएको, बैंकको श्रेस्ता र लेखा परिक्षणबाट हाम्रो जानकारीमा आएन ।

**मितिः** २०७३/०७/०३
**स्थानः** काठमाण्डौ

**सिए. भाष्कर सिँह लाला**
साझेदार

Standard Chartered
Standard Chartered Bank Nepal Limited
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

# नेपाल राष्ट्र बैंकको अनुमति र निर्देशन

तहाँबाट पेश गरीएको वित्तीय विवरण तथा अन्य कागजातका आधारमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४६ को उपदफा (१) का प्रावधानहरु पालना गरेको देखिएको हुँदा, ऐ. ऐनको उपदफा (२) बमोजिम प्रस्तावित रु. ४,९३,४०,८०७ (चुक्ता पूँजीको १.७५ प्रतिशत) नगद लाभांश र रु. ९३,७४,७५,३३३ (चुक्ता पूँजीको ३३.३३ प्रतिशत) बराबरको वोनस शेयर आ.व. २०७२/७३ को वार्षिक साधारण सभाबाट स्वीकृत भएको अवस्थामा मात्रै वितरण गर्न स्वीकृतिका साथै आ.व. २०७२/७३ को वार्षिक हिसाब वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ देहायको निर्देशन सहित सार्वजनिक गर्न मात्र सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

१. बैंकले चुक्ता पूँजी वृद्धि गर्ने प्रयोजनका लागि Further Public Offering प्रस्ताव गरेकोमा धितोपत्रको थप सार्वजनिक निष्काशन गर्न धितोपत्र ऐन, २०६३ तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को परिपालना र शेयर संरचना अनुरुप संचालक समितिको संरचना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को व्यवस्था अनुरुप हुने व्यवस्था मिलाउनु हुन ।

२. लेखापरीक्षकले औल्याएका देहायका कैफियतहरु सहित प्रतिवेदनमा उल्लेख गरिएका अन्य कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुन: दोहोरीन नदिने व्यवस्था मिलाउनु हुन ।

## स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको

### तीसौं वार्षिक साधारण सभाको छलफलका विषय-सूची नं (५), (६) र (७) सँग सम्बन्धित प्रबन्ध-पत्र संशोधन प्रस्ताव

| क्र.सं. | हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| १. | **दफा ५(क):** बैंकको अधिकृत पूँजी रू. ४,०००,०००,००० (अक्षरेपी चार अर्ब रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रू. १००/- का दरले ४०,०००,००० (चार करोड) साधारण शेयरमा विभाजित गरिएको छ | **दफा ५(क):** बैंकको अधिकृत पूँजी रू. ८,०००,०००,००० (अक्षरेपी आठ अर्ब रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रू. १००/- का दरले ८०,०००,००० (आठ करोड) साधारण शेयरमा विभाजित गरिएको छ । | बैंकको चुक्ता पूँजी ८ अर्ब पुऱ्याउन नेपाल राष्ट्र बैंकबाट निर्देशन जारी भए अनुरुप अधिकृत पूँजी बढाउन आवश्यक भएको हुँदा । |
| २. | **दफा ५(ख):** बैंकको जारी पूँजी रू. २,८१,२४,२६,००० (अक्षरुपी दुई अर्ब एकासी करोड चौबिस लाख छब्बिस हजार रुपैयाँ मात्र) हुनेछ । | **दफा ५(ख):** बैंकको जारी पूँजी रू. ३,७४,९९,०१,३३३ (अक्षरेपी तीन अर्ब चौहत्तर करोड उनान्सय लाख एक हजार तिन सय तेत्तिस रुपैयाँ) हुनेछ । | प्रस्तावित बोनस शेयरलाई पूँजीकरण गरी जारी पूँजी वृद्धि गर्न आवश्यक भएकोले । |
| ३. | **दफा ५(ग):** बैंकको चुक्ता पूँजी रू. २,८१,२४,२६,००० (अक्षरुपी दुई अर्ब एकासी करोड चौबिस लाख छब्बिस हजार रुपैयाँ मात्र) हुनेछ । | **दफा ५(ग):** बैंकको चुक्ता पूँजी रू. ३,७४,९९,०१,३३३ (अक्षरेपी तीन अर्ब चौहत्तर करोड उनान्सय लाख एक हजार तिन सय तेत्तिस रुपैयाँ) हुनेछ । | प्रस्तावित बोनस शेयरलाई पूँजीकरण गर्दा वृद्धि हुने चुक्ता पूँजी मिलान गर्न आवश्यक भएकोले । |

## स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको

### तीसौं वार्षिक साधारण सभाको छलफलका विषय-सूची नं (७) सँग सम्बन्धित नियमावली संशोधन प्रस्ताव

| क्र.सं. | हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| १. | **नियम २९.** विभिन्न वर्गका शेयर जारी गर्ने भए सो कुरा उल्लेख गर्ने: विभिन्न वर्गका शेयर जारी गर्ने विषयका सम्बन्धमा नियम २३ बमोजिम हुनेछ । | **नियम २९.** पूँजी वृद्धि गर्न बैंकले नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) गर्न सक्नेछ । | नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम चुक्ता पूँजी ८ अर्ब पुऱ्याउन नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत सर्वसाधारणमा शेयर बिक्री गर्न आवश्यक भएकोले । |
| २. | **नियम ३१(३)** संचालक समितिले संचालक समिति अर्न्तगत रहने अन्य कुनै उप-समिति गठन गरेमा उक्त समितिमा उपस्थित भए वापत सदस्यले पाउने प्रति बैठक भत्ता रु. ५,००० हुनेछ तथा अध्यक्षले पाउने प्रति बैठक भत्ता रु. ७,५०० हुनेछ ।<br><br>**द्रष्टव्य :** माथि उपनियम ३ को व्यवस्था उप-समितिमा रहने बैंकका कर्मचारीका हकमा लागु हुने छैन । | **नियम ३१(३).** संचालक समितिले संचालक समिति अर्न्तगत रहने अन्य कुनै उप-समिति गठन गरेमा उक्त समितिमा उपस्थित भए वापत सदस्यले पाउने प्रति बैठक भत्ता रु. १२,५०० हुनेछ तथा अध्यक्षले पाउने प्रति बैठक भत्ता रु. १५,००० हुनेछ ।<br><br>**द्रष्टव्य :** माथि उपनियम ३ को व्यवस्था उप-समितिमा रहने बैंकका कर्मचारीका हकमा लागु हुने छैन । | उप-समितिका अध्यक्ष तथा सदस्यलाई प्रदान गरीदै आएको बैठक भत्तालाई पुनरावलोकन गरी समय सापेक्ष संशोधन गर्न आवश्यक देखिएकोले । |